*रिपोर्ट*

# बिपद् जोखिम व्यवस्थापन नीति र रणनीतिक कार्ययोजना निर्माण प्रक्रिया

## *उत्पादनमूलक क्षेत्रको विषयगत प्रतिबेदन*

*नेपाल सरकार, कृषि विकास मन्त्रालयको नेतृत्व र उद्योग मन्त्रालय को सह नेतृत्वमा गठीत उत्पादनमूलक क्षेत्रको विषयगत समूहले तयार पारेको*

***भदौ, २०७४***

## क. भूमिका

नेपाल बाढी, भूकम्प, आगलागी, शीतलहर, हिमताल बिस्फोट, तथा हिम पहिरो जस्ता प्रकोपका घटनाहरुबाट उच्च सङकटासन्न अवस्थामा रहेको छ। यस अतिरिक्त मुलुक बर्ड फुलु, महामारी, चट्याङ आदिको जोखिममा समेत रहेको छ। यस्ता प्राकृतिक र गैर प्राकृतिक घटनाका कारणहरुबाट नेपालले बर्सेनि ठूलो जनधनको क्षति व्यहोर्नु परेको छ। विगत चार वर्षमा नेपालमा विभिन्न विपद्हरुबाट भएको आर्थिक नोक्सानीको विवरण तलको टेबलमा प्रस्तुत गरिएको छ।

| **नोक्सानीको प्रकार** | **२०११ मा** | **२०१२ मा** | **२०१३ मा** | **२०१४ मा** |
|---|---|---|---|---|
| कुल आर्थिक नोक्सानी | १,४५१ मिलियन | १,२९४ मिलियन | २,०५७ मिलियन | १६, ७५४ मिलियन |

सोतः नेपाल विपद् प्रतिबेदन २०१३ र २०१५, नेपाल सरकार, गृह मन्त्रालय र विपद् पूर्वतयारी संजाल नेपाल

विपद्बाट बढि प्रभावित र हानि नोक्सानी हुने क्षेत्रहरुमा उत्पादनमूलक क्षेत्र पनि पर्दछ। उत्पादनमूलक क्षेत्र अन्तर्गत कृषि, पशुपंछी, माछापालन, उद्योग, सेवा पर्यटन लगायतका क्षेत्रहरु रहेका छन्। नेपालको कुल गाहस्थ उत्पादनमा उत्पादनमूलक क्षेत्रको ९० प्रतिशतभन्दा बढि योगदान रहेको छ। यसको विस्तृत विवरण तल टेबलमा प्रस्तुत गरिएको छ।

करोडमा

| **क्षेत्रहरु** | **आ.ब. २०७२/७३** | **प्रतिशत** |
|---|---|---|
| कृषि | ५४,७१९ | २९ |
| उद्योग | २४,२०४ | १३ |
| सेवा | ९३,७३२ | ५० |
| कुल गार्हस्थ्य उत्पादन ( उत्पादन मूल्यमा ) | १८५,८८१ | |

श्रोत : चौधौं योजना आ.ब २०७३/७४ -२०७५/७६, राष्ट्रिय योजना आयोग, नेपाल सरकार

२०७२ को महाभूकम्पबाट प्रभावित क्षेत्रहरुमा, दोस्रो ठूलो क्षती नोक्सानी उत्पादनमूलक क्षेत्रमा भएको थियो। भूकम्प पछि गरिएको विपद् पश्चात आवश्यता अध्ययन प्रतिबेदनले उत्पादनमूलक क्षेत्रहरुमा मात्र १७८,१२१ मिलियन नेपाली रुपैया बराबरको क्षती नोक्सानी भएको आँकडा छ। त्यसै गरि कृषि विकास मन्त्रालयको प्रारम्भिक तथ्याङ्क अनुसार यस वर्षको बाढीले कृषि क्षेत्रमा मात्र ५ अर्ब ८४ करोड बराबरको नोक्सानी गरेको छ। त्यसै गरि पशुपंछी मन्त्रालयले रु १३ अर्ब बराबरको नोक्सानी अनुमान गरेको छ। अन्य क्षेत्रहरुको क्षति नोक्सानीको विवरण आइसकेको छैन्। यी बाहेक नेपालमा बर्सेनीहुने विभिन्न विपदहरु (आगलागि, बाढि, पहिरो, महामारी, पशुपंछीजन्य रोग आदि) बाट उत्पादनमूलक क्षेत्रमा हुने हानि नोक्सानीको यकिन विवरण उपलब्ध छैन।

## ख. विद्यमान उत्पादनमुलक क्षेत्र विषयक कानूनी खाका

उत्पादनमुलक क्षेत्र अर्न्तगत पर्ने विभिन्न विषयगत क्षेत्रहरुका हाल विद्यमान कानूनी दस्तावेजहरु र त्यसमा विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित व्यवस्थाहरुको संक्षिप्त विवरण र साथै आवधिक योजना र नेपाल भूकम्प २०१४

को आवश्यक्ता आँकलनमा विपद् र उत्पादनमूलक क्षेत्रहरुसँग सम्बन्धित प्रावधानहरुको साराँश तलको टेबलमा प्रस्तुत गरिएको छ ।

| दस्तावेजहरु | विपद् जोखिम व्यवस्थापन सम्बन्धि व्यवस्था |
|---|---|
| कृषि विकास रणनिती | यस रणनितीले जलवायु परिवर्तन र विपद् किसानहरुलाई उत्थानशिल बनाउन निम्न क्रियाकलापहरुलाई प्राथमिकतामा राखेको छ ।<br>● पूर्व सूचना प्रणालीको स्थापना<br>● जलवायु सूचना तथा मौसम सूंचिकित प्रणालीको स्थापना<br>● सुख्खा र पानी खप्न सक्ने जातको अनुसन्धान<br>● किसान कल्याणकारी कोषको स्थापना<br>● कृषि बिमाको प्रर्वद्धन<br>● खाद्य, बिउ, स्याउलाको भण्डारण व्यवस्था<br>● कृषि प्राविधिक र किसानहरुको क्षमता अभिबृद्धि<br>● पूर्वतयारी र प्रतिकार्य कोषको स्थापना |
| उद्योग निती २०६७ | यस नितीले उद्योग व्यवसायमा विपद्का कारण हुनसक्ने हानि नोक्सानी र त्यसलाई न्यून गर्न आवश्यक जोखिम व्यवस्थापनका विषयमा थोरै मात्र समेट्न सकेको छ। यस नितीमा भएका केहि प्रावधानहरु निम्न छन् ।<br>● आगलागीबाट हुने जोखिम कम गर्न स्थानिय गाउँ/नगरपालिकासँगको समन्वयमा औद्योगिक क्षेत्र र कोरिडोरमा आधुनिक बरुण यन्त्रको व्यवस्था गर्ने<br>● उद्योगले कुनै प्राकृतिक विपत्ति र सामाजीक सेवामा दिइने अनुदान वा सहयोगमा आय कर लाग्ने छैन |
| **औद्योगिक व्यवसाय ऐन २०७३** | यस ऐनले पनि उद्योग व्यवसायमा विपद्का कारण हुनसक्ने जोखिम र त्यसबाट बच्न अपनाउनु पर्ने जोखिम व्यवस्थापनका विषयमा प्रत्यक्षरुपमा समेट्न सकेको छैन् । तर वातावरण संरक्षणसम्बन्धि केहि प्रावधानहरु यस प्रकारका छन् ।<br>● उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेबारी सम्बन्धित उद्योगको हुने छ ।<br>● प्रदुषण रोकथाम र नियन्त्रण गर्ने वा पुन प्रयोग र पुन प्रसोधन गर्ने उद्योगलाई निश्चित कर छुटको व्यवस्था |
| पर्यटन निति २०६५ | पर्यटन नितिमा विपद् जोखिम न्यूनीकरणका विषयमा |

| | |
|---|---|
| | प्रत्यक्षरुपमा केहि उल्लेख नभएतापनि त्यसमा भएका केहि प्रावधानहरुले विपद् जोखिम न्यूनीकरणमा योगदान पुऱ्याउने देखिन्छ । ती प्रावधानहरु निम्न रहेका छन् ।<br>● पर्यटकीय पूर्वाधारको बिकास र निमार्णको क्रममा प्राकृतिक स्रोत र साधनको उपयोग गर्दा वातावरणीय संरक्षण गर्दै यस्ता स्रोत र साधनको दिगोरुपमा उपयोग गर्ने ।<br>● पर्यटकीय पूर्वाधारको बिकास निर्माण र संचालनमा वातावरणीय संरक्षणको पक्षलाई प्राथमिकता दिइ कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइनेछ ।<br>● संकटमा परेका पर्यटकको खोज, उद्धार र संकट व्यवस्थापन गर्न अक्षय कोषको स्थापना गरिने छ र सो कोषमा नेपाल पर्यटन बोर्डले प्रत्येक वर्ष निश्चित रकम जम्मा गर्नेछ।<br>● पयर्टन सम्बन्धि तथ्याङ्कलाई भरपर्दो र अद्यावधिक गराइ विश्लेषण गर्ने प्रकृयाको माध्यमबाट पर्यटकीय सूचना प्रणालीको विकास गरी यस्तो सूचनालाई निती निमार्णको आधार बनाइने छ।<br>● पर्यटकीय पूर्वाधार निर्माण एंव क्रियाकलाप संचालनमा वातावरण संरक्षण पक्षलाई प्राथमिकता दिइने छ ।<br>● पयर्टन उद्योगको क्षेत्रमा उत्पन्न हुने विषम तथा असहज परिस्थितिमा पयर्टन उद्योगलाई व्यावसायिक रुपमा संचालन गर्न विशेष सहुलियत सहितको राहत प्याकेज कार्यक्रम लागु गरिनेछ । |
| **पर्यटन ऐन २०३५** | पर्यटन ऐन २०३५मा पनि प्रत्यक्षरुपमा बिपद् जोखिम व्यवस्थापन सम्बन्धि व्यवस्थाहरु उल्लेख नभएता पनि केहि प्रावधानहरुले पर्यटन क्षेत्रमा विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउने देखिन्छ । ती प्रावधानहरु निम्न छन् ।<br>● **व्यक्तिगत दुर्घटना बीमा गराउनु पर्ने :** (१) पर्वतारोही दलले आफ्नो खर्चमा ... काममा लगाउनु अघि तोकिएको बीमकसित तोकिए बमोजिमको रकमको व्यक्तिगत दुर्घटना बीमा गराई दिनु पर्नेछ । तर स्थानीय कामदारको हकमा व्यक्तिगत दुर्घटना बीमा गराउनु अनिवार्य हुनेछैन ।<br>● **आपतकालीन उद्धार कार्य :** (१) पर्वतारोही दलको ... आपतकालीन उद्धार गर्नु परेमा दफा २६ बमोजिमको |

| | |
|---|---|
| | प्रतिनिधि वा उद्धार कार्यको लागि खडा भएका कुनै संस्था मार्फत उद्धार कार्य गराउन सकिनेछ ।<br>● **जानकारी गराउने :** पर्वतारोहणको सिलसिलामा पर्वतारोहीदलका सदस्य, ... कसैको दुर्घटना भएमा वा दुर्घटना वा अन्य कुनै कारणले मृत्यु भएमा वा हराएमा यस सम्बन्धी पूर्ण विवरणको प्रतिवेदन पर्वतारोहीदलका साथ खटी जाने सम्पर्क अधिकृत वा पर्वतारोही दलको नेता वा कुनै सदस्यले नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ । कुनै व्यक्तिको सम्बन्धमा मृत्यु भएको वा हराएको भनी नेपाल सरकारले सम्बन्धित व्यक्ति वा निकायमा अनौपचारिक रूपमा जानकारी गराउन सक्नेछ । |
| **चौधौं योजना आ.ब २०७३/७४ -२०७५/७६** | चौधौं योजना विपद् व्यवस्थापनलाई प्राथमिकता दिदैं अन्तरसम्बन्धित विकास नीतिमध्ये विपद् व्यवस्थापनलाई समाबेश गरेको पाइन्छ । तर योजनाले उत्पादनमूलक क्षेत्र, सामाजीक क्षेत्र लगायतमा विपद्ले पर्ने असर र त्यसको जोखिम व्यवस्थापन विषयमा ठोस प्रावधानहरु छैनन् । योजनामा अर्न्तगत रहेका प्रावधानहरु निम्न रहेका छन् ।<br>**रणनीतिहरु :**<br>✓ आपत्कालीन खोज, उद्धार, उपचार तथा तत्काल राहतका लागि क्षमता अभिबृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।<br>✓ विपद् जोखिम न्यूनीकरणलाई विकासका सबै आयाम तथा चरणमा मूलप्रवाहीकरण गर्ने ।<br>**कार्यनीतिहरु**<br>➢ खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन एकीकृत सूचना केन्द्र एवम् राष्ट्रिय, क्षेत्रीय तथा जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रहरुलाई अत्याधुनिक यन्त्रको उपयोग गरी प्रभावकारी रुपमा सञ्चालनमा ल्याउनेछ।<br>➢ एकीकृत बस्ती विकासको सुरुवाती चरणदेखि नै विपद् विज्ञ, स्थानिय निकाय, योजनाविद्हरुलाई सहभागि गराएर भू उपयोग नीति अनुकूल हुने गरी दिर्घकालीन बस्ती विकास योजना बनाई लागु गरिनेछ।<br>➢ मैसम पूर्वसूचना प्रणाली तथा जलसतह पूर्वसूचना प्रणाली स्थापना गरी समुदायलाई जानकारी गराउने |

| | |
|---|---|
| | पद्धतिको विकास गरिनेछ ।<br>➢ सम्भावित विपद्बाट पर्न सक्ने असर र क्षतिको न्यूनीकरण तथा जोखिम हस्तान्तरण सम्बन्धि बिमाको व्यवस्था,<br>➢ राष्ट्रिय आवश्यकता, सम्भावित विपद् र अन्तराष्ट्रिय प्रतिबद्धता सम्बन्धि सबै पक्षलाई समेटेर विपद् व्यवस्थापन ऐन, नीति र कार्ययोजना तयार |

## ग. अध्ययनको प्रक्रिया र तरीका :

बिपद् जोखिम व्यवस्थापन नीति तथा रणनितीक कार्ययोजना बनाउन उत्पादनमूलक क्षेत्रको विषयगत कार्यसमूहको काम कृषि बिकास मन्त्रालयको नेतृत्व र उद्योग मन्त्रालयको सह नेतृत्वमा सम्पन्न गरियो । यस कार्यसमूहले दुई चरणमा कृषि, पशुपंछी, उद्योगसँग सम्बन्धित सरकारी, गैर सरकारी संघ संस्थाहरुसँग विषयगत छलफलको आयोजना गऱ्यो । कार्यशाला गोष्ठीको उत्पादनमूलक क्षेत्र र विपद्को अन्तरसम्बन्धका विषयमा कार्यपत्रहरु प्रस्तुत गरियो । नेपाल सरकार कृषि बिकास मन्त्रालयका सह सचिव योगेन्द्र कुमार कार्कीको सभापतित्वमा गोष्ठीको संचालन भएको थियो ।

| | |
|---|---|
| पहिलो कार्यशाला गोष्ठी | २०७४ जेठ ८ गते (सोमवार) |
| दोस्रो कार्यशाला गोष्ठी | २०७४ श्रावण १२ गते (बिहिवार) |

गोष्ठीमा छलफल भएका विषयवस्तुहरुलाई थप मन्थन गरि **विपद् जोखिम न्यूनीकरण सम्बन्धि सेन्डाइ खाकाले** तोकेका ४ प्राथमिकताहरु अनुसार बुन्दागतरुपमा उत्पादनमूलक क्षेत्रसँग सम्बन्धित नीतिगत सुझावहरुलाई संकलन गर्ने कार्य गरियो ।

साथै उत्पादनमूलक क्षेत्र अर्न्तगतका कृषि, पशुपंछी, उद्योग, पर्यटन लगायतका विषयहरुमा नेपाल सरकारको विद्यमान ऐन, नीतिहरु, योजना अध्ययन प्रतिबेदनहरुको अध्ययन गरिएको थियो ।

कार्यशाला गोष्ठीबाट आएका सुझावहरु, कानून र प्रतिबेदनहरुको अध्ययन पछिको निचोडको रुपमा यो प्रतिबेदन तयार गरिएको छ ।

## घ. नीतिगत सुझावहरु :

### प्राथमिकता १ : विपद् जोखिमको बारेमा बुझौं (Understanding disaster risk)

- उत्पादनमूलक क्षेत्र अर्न्तगत कृषि, पशुपंछि, पर्यटन, उद्योग लगायत क्षेत्रहरुको विस्तृत र बैज्ञानिक विपद् जोखिम तथा संकटासंन्नटा विश्लेषण अध्ययन गर्ने ।

- विपद्‌बाट उत्पादनमूलक क्षेत्रहरुमा पर्ने वा परेको हानी नोक्सानीको यकिन गर्न बृहत र बैज्ञानिक विधिबाट तथ्याङकहरुको संकलन गर्ने गराउने ।

- विपद व्यवस्थापनको विषय कृषि शिक्षा, पशुपंछी शिक्षा लगायतका प्राविधिक शिक्षाहरुमा अनिर्वायरुपमा समाबेश गराइनु पर्ने ।

- नेपाल कृषि अनुसंधान परिषद्‌ लगायतका बैज्ञानीक केन्द्रको सहयोगमा बाढी र सुख्खा जातका बालि, पशुपंछी र माछाका प्रजातीहरुको बिकास गर्ने ।

**प्राथमिकता २ : विपद्‌ जोखिम व्यवस्थापनका लागि विपद्‌ जोखिम शासनलाई अभिबृद्धि गर्ने (Strengthening disaster risk governance to manage disaster risk)**

- कृषि प्राविधिक तथा किसानहरुमा विपद्‌ जोखिम व्यवस्थापन विषयमा चेतना अभिबृद्धि तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने गराउने ।

- विद्यमान उद्योग ऐन र नितीहरुमा विपद्‌ जोखिम व्यवस्थापन सम्बन्धि कानूनी व्यवस्था लागु गर्ने गराउने ।

- विपद्‌ जोखिम क्षेत्रको पहिचान हुने व्यवस्था सहितको भू उपयोग नीति तथा ऐनलाई यथाशिघ्र लागु गर्ने ।

- उद्योग र कार्यक्षेत्रमा हुनसक्ने विपद्‌का जोखिमलाई व्यवस्थापन गर्न विपद्‌ जोखिम व्यवस्थापन सम्बन्धि निश्चित मापदण्ड (Standard Operating procedure) तयार गरि लागु गर्ने ।

**प्राथमिकता ३ : उत्थानशिलताका लागि विपद्‌ जोखिम न्यूनीकरणमा लगानी (Investing in DRR for resilience)**

- कृषि बिकास रणनितीमा उल्लेख गरे अनुसारको किसान कल्याणकारी कोषको स्थापना गर्ने ।

- कृषि तथा पशु बिमा कार्यक्रमलाई सरलीकरण गरी बैंक तथा वित्तिय क्षेत्रसँगको सहकार्यमा देशव्यापी रुपमा कार्यान्वयन गर्न अभियान चलाउने ।

- Safe Trekking system को अवधारणा अनुरुप देशमा विभिन्न पर्टकीय गन्तव्यहरुमा बिपद्‌ जोखिम कम गर्न आवश्यक संचार सुविधा, आवासको व्यवस्था लगायतका पूर्वाधार र संरचनाको विकास गर्ने ।

**प्राथमिकता ४ : प्रभावकारी प्रतिकार्यका लागि पूर्व तयारी र पुर्नस्थापना र पुर्ननिर्माण (Enhancing disaster preparedness for effective response and to “Build Back Better” in recovery, rehabilitation and reconstruction)**

- जलवायु र मौसम सम्बन्धि सूचनाको प्रर्बद्धन गरी, ती सूचनालाई किसानसम्म पुऱ्याउने सूचना संप्रेषण संरचनाको विकास गरी हुने क्षती तथा नोक्सानीलाई कम गर्ने ।

- विपद्को समयका लागि आवश्यक र पर्याप्त खाद्यान्न, बीउ र स्याउला (fodder) को क्षेत्रगतरुपमा भण्डारण गर्ने ।

- विपद्को बेलामा प्रभावितहरुलाई सहयोग गर्न नगद वितरण कार्यक्रम (cash transfer) लाई प्रोत्शाहन गर्ने ।

- विपद्बाट हुने पशुपंछीमा पर्ने जोखिम कम गर्न destocking र restocking कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने गराउने ।

## ङ. अपेक्षीत उपलब्धीहरु :

विपद् जोखिम व्यवस्थापन नीति र रणनीतिक कार्ययोजनामा उत्पादनमूलक क्षेत्रसँग सम्बन्धित अपेक्षीत उपलब्धीहरु निम्न रहेका छन् ।

- उत्पादनमूलक क्षेत्रहरुमा विपद्बाट हुने सम्भावित जोखिम र हानि नोक्सानीको एकिन पहिचान गरी उत्पादानमूलक क्षेत्रमा विपद् जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई संचालन गर्ने गराउने ।
- उत्पादनमूलक क्षेत्रका ऐन, नीति नियम, मापदण्डहरुलाई विपद् जोखिम व्यवस्थापन मैत्री बनाई कार्यावन्यनमा ल्याउने ।
- विपद् जोखिम व्यवस्थापनका विषयमा उत्पादनमूलक क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरुमा जनचेतना र क्षमता अभिबृद्धि गर्ने गराउने ।

## च. कार्ययोजना

| सेन्दाई खाकाका प्राथमिकताहरु | रणनितीक कार्यक्रमहरु | समय अवधि | | | कार्यावन्यन गर्ने निकाय | |
|---|---|---|---|---|---|---|
| | | तत्काल (१ देखि ३ वर्ष सम्म) | मध्यम (३ देखि ९ वर्ष सम्म) | दिर्घकालिन (१० देखि १५ वर्ष सम्म) | प्रमुख निकाय (हरु) | साहायक निकाय (हरु) |
| प्राथमिकता १ : विपद् जोखिमको बारेमा बुझौं (Understanding disaster risk) | उत्पादनमूलक क्षेत्र अर्न्तगत कृषि, पशुपंछि, पर्यटन, उद्योग लगायत क्षेत्रहरुको विस्तृत र बैज्ञानिक विपद् जोखिम तथा संकटासंन्नटा विश्लेषण अध्ययन गर्ने । | ✓ | | | कृषि विकास मन्त्रालय, पशुपंछी विकास मन्त्रालय, उद्योग मन्त्रालय, पयर्टन मन्त्रालय<br>प्रान्तिय राज्यको अवधारण अनुसार प्रदेशमा गठन हुने यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय वा निकायहरु | विश्व विद्यालयहरु, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय अनुसन्धान संस्थाहरु |
| | विपद्बाट हुने उत्पादनमूलक क्षेत्रहरुमा पर्ने हानी नोक्सानीको यकिन गर्न बृहत र बैज्ञानिक विधि बाट तथ्याङकहरुको संकलन गर्ने गराउने । | | | ✓ | कृषि विकास मन्त्रालय, पशुपंछी विकास मन्त्रालय, उद्योग मन्त्रालय, पयर्टन मन्त्रालय लगायत सम्बन्धित मन्त्रालयहरु<br>प्रान्तिय राज्यको अवधारण अनुसार प्रदेशमा गठन हुने यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय वा निकायहरु | कृषि विभाग, पशुपंछी विकास विभाग, उद्योग विभाग र यस मातहतका जिल्ला कार्यालयहरु<br>नगरपालिका र गाउँपालिका कार्यालयहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विपद व्यवस्थापनको विषय कृषि शिक्षा, पशुपंछी शिक्षा लगायतका प्राविधिक शिक्षाहरुमा अनिर्वायरुपमा समाबेश गराइनु पर्ने । | | | ✓ | शिक्षा मन्त्रालय, कृषि तथा वन विश्वविद्यालय र अन्य विश्वविद्यालयहरु | कृषि मन्त्रालय, पशुपंछी मन्त्रालय |
| | नेपाल कृषि अनुसंधान परिषद् लगायतका बैज्ञानीक केन्द्रको सहयोगमा बाढी र सुख्खा जातका बालि, पशुपंछी र माछाका प्रजातीहरुको बिकास गर्ने । | | ✓ | | कृषि मन्त्रालय र नेपाल कृषि अनुसन्धान परिषद् | |
| **प्राथमिकता २ : विपद् जोखिम व्यवस्थापनका लागि विपद् जोखिम शासनलाई अभिबृद्धि गर्ने (Strengthening disaster risk governance to manage disaster risk)** | कृषि प्राविधिक तथा किसानहरुमा विपद् जोखिम व्यवस्थापन विषयमा चेतना अभिबृद्धि तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने गराउने । | | ✓ | | कृषि विकास मन्त्रालय र कृषि विभाग | जिल्ला कृषि कार्यालयहरु<br>नगरपालीका र गाउँ पालिका कार्यालयहरु<br>कृषि र खाद्यय सुरक्षामा कार्यरत विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरु |
| | विद्यमान उद्योग ऐन र नीतिमा विपद् जोखिम व्यवस्थापन सम्बन्धि कानूनी | ✓ | | | उद्योग मन्त्रालय<br>नेपाल सरकार मन्त्री परिषद् | नेपाल उद्योग वाणिज्य महासंघ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यवस्था लागु गर्ने गराउने । | | | | | |
| | विपद् जोखिम क्षेत्रको पहिचान हुने व्यवस्था सहितको भू उपयोग ऐनलाई यथाशिघ्र लागु गर्नु पर्ने | ✓ | | | भूमि सुधार व्यवस्था मन्त्रालय<br>नेपाल सरकार मन्त्री परिषद् | |
| | उद्योग र कार्यक्षेत्रमा हुनसक्ने विपद्का जोखिमलाई कम गर्न विपद् जोखिम व्यवस्थापन सम्बन्धि निश्चित मापदण्ड ( Standard Operating procedure) तयार गरि लागु गर्ने | ✓ | | | उद्योग मन्त्रालय र उद्योग विभाग | नेपाल उद्योग वाणिज्य महासंघ |
| **प्राथमिकता ३ : उत्थानशिलताका लागि विपद् जोखिम न्यूनीकरणमा लगानी (Investing in DRR for resilience)** | | | | | | |
| | कृषि बिकास रणनितीमा उल्लेख गरे अनुसारको किसान कल्याणकारी कोषको स्थापना गर्ने । | | ✓ | | कृषि मन्त्रालय<br>नेपाल सरकार मन्त्री परिषद् | अर्थ मन्त्रालय |
| | कृषि तथा पशु बिमा कार्यकमलाई सरलीकरण गरी | ✓ | | | कृषि मन्त्रालय र कृषि विभाग र यस मातहतका | नेपाल राष्ट्र बैंक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बैंक तथा वित्तिय क्षेत्रसँगको सहकार्यमा देशव्यापी रुपमा कार्यान्वयन गर्न अभियान चलाउने | | | | कार्यालयहरु | विभिन्न बैंक तथा वित्तिय संस्थाहरु |
| | Safe Trekking system को अवधारणा अनुरुप देशमा विभिन्न पर्टकीय गन्तव्यहरुमा बिपद् जोखिम कम गर्न आवश्यक संचार सुविधा, आवसको व्यवस्था लगायतका पूर्वाधार र संरचनाको विकास गर्ने । | | ✓ | | पयर्टन मन्त्रालय र पयर्टन विभाग | नेपाल पर्यटन विकास बोर्ड<br>नगरपालिका र गाउँपालिका कार्यालय<br>पर्यटन व्यवसायी महासंघ |
| **प्राथमिकता ४ : प्रभावकारी प्रतिकार्यका लागि पूर्व तयारी र पुर्नस्थापना र पुर्ननिर्माण**<br>**(Enhancing disaster preparedness for effective response and to “Build Back Better” in recovery, rehabilitation & reconstruction)** | जलवायु र मौसम सम्बन्धि सूचनाको प्रर्बद्धन गरी, ती सूचनालाई किसानसम्म पुऱ्याउने सूचना संप्रेषण संरचनाको विकास गरी बाली, गाइबस्तु लगायतमा हुने क्षती तथा नोक्सानीलाई कम गर्ने | | ✓ | | कृषि विकास मन्त्रालय<br>जल तथा मौसम बिज्ञान विभाग | सरकारी तथा निजि संचार माध्यमहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विपद्को समयका लागि आवश्यक र पर्याप्त खाद्यान्न, बीउ र स्याउला (fodder) को क्षेत्रगतरुपाम भण्डारण गर्ने । | ✓ | | | नेपाल खाद्य संस्थान, कृषि मन्त्रालय र पशुपंछी मन्त्रालय<br><br>नगरपालिका र गाउँपालिका कार्यालय | कृषि र खाद्य्य सुरक्षामा कार्यरत विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरु |
| | विपद्को बेलामा प्रभावितहरुलाई सहयोग गर्न नगद वितरण कार्यक्रम (cash transfer) लाई प्रोत्शाहन गर्ने । | | | ✓ | गृह मन्त्रालय र यस मातहतका कार्यालय<br><br>नगरपालिका र गाउँपालिका कार्यालय | कृषि र खाद्य्य सुरक्षामा कार्यरत विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरु |
| | विपद्बाट हुने पशुपंछीमा पर्ने जोखिम कम गर्न destocking र restocking कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने गराउने । | | | ✓ | पशुपंछी मन्त्रालय र पशु सेवा विभाग<br><br>प्रान्तिय राज्यको अवधारण अनुसार प्रदेशमा गठन हुने यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय वा निकायहरु | कृषि र खाद्य्य सुरक्षामा कार्यरत विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरु |

## छ. अनुगमन र मूल्याङ्क

यस कार्ययोजनाको अनुगमन तथा मूल्याङककको प्रमुख जिम्मेबारी कृषि विकास मन्त्रालय, उद्योग मन्त्रालय लगायतका सम्बन्धित मन्त्रालयहरुमा रहने छ । सम्बन्धित मन्त्रालयहरुमा विपद् व्यवस्थापनसँग सम्बन्धित छुटै इकाइको स्थापना गरी (हाल इकाइ नभएका मन्त्रालयहरुमा मात्र), त्यस इकाइलाई अनुगमन तथा मूल्याङकका लागि आवश्यक जनशक्ति र आर्थिक स्रोतको व्यवस्था गर्नु पर्ने हुन्छ ।

सम्बन्धित मन्त्रालयहरुले यस कार्ययोजना अनुसार भए गरेको कार्यक्रमहरुको प्रगति विवरण बार्षिकरुपमा गृह मन्त्रालयको अगुवाइमा संचालन गरिने वार्षिक समिक्षा कार्यक्रममा प्रस्तुत गरिने छ।

साथै यस कार्ययोजनाको मध्यकालीन मूल्याङक र दिर्घकालिन मूल्याङकका लागि गृह मन्त्रालयको अगुवाइमा सम्बन्धित मन्त्रालयहरुसँगको सहकार्य र समन्वयमा सम्पन्न गरिने छ ।

## ज. निष्कर्श

यस प्रतिबेदनमा उत्पादनमूलक क्षेत्रमा विपद्बाट हुन सक्ने सम्भावित जोखिम र हानी नोक्सानी र विपद् जोखिमलाई व्यवस्थापन गर्न विषयमा नीतिगत सुझावहरु प्रस्ताव गरेको छ । विपद् जोखिम न्यूनीकरण सम्बन्धि सेन्डाइ खाकाका प्राथमिकताका आधारमा प्रस्तावित नीतिगत सुझावहरुलाई वर्गिकरण गरि निश्चित समयाअबधि र जम्मेबार निकायहरु सहितको विस्तृत कार्ययोजना तयार गरेको छ ।

यो प्रतिवेदन कृषि मन्त्रालयको नेतृत्व र उद्योग मन्त्रालयको सह नेतृत्वमा गठीत विपद् जोखिम व्यवस्थापन नीति तथा रणनीतिक कार्ययोजना अन्तर्गत उत्पादनमूलक क्षेत्रको विषयगत कार्यसमूहले सरोकारवालाहरुसँगको छलफल र यस विषयमा उपलब्ध कानूनी तथा अध्ययन अनुसन्धानका प्रतिबेदनको अध्ययन गरि तयार पारिएको हो ।